# गैडहवा गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

विष्णुपुरा, रुपन्देही

लुम्बिनी प्रदेश

प.स. ०८०/०८१

च नं १२०८

मिति २०८०।१०।२२

श्री सामुदायिक तथा संस्थागत विद्यालय (सबै)

गैडहवा गाउँपालिका, रुपन्देही ।

विषयः IEMIS मा विवरण प्रविष्ट गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८० मा कक्षा ८ को परीक्षामा सहभागि हुने विद्यार्थीको विवरण सच्याउने सम्बन्धमा यस अघिनै सूचना प्रवाह गरिएता पनि शिक्षा तथा मानवस्रोत विकास केन्द्रले हालै विद्यालय तहको Excel-based IEMIS लाई केही परिमार्जन संगै Web-based बनाई २०८० साल कार्तिक पछीको तथ्याङ्क पुनः प्रविष्ट गर्न अनुरोध गरेको हुँदा देहाय अनुसार गर्नुहुन अनुरोध छ।

- सर्वप्रथम पासवर्ड परिवर्तन गर्ने । त्यसको लागि कुनै internet browser मार्फत emis.cehrd.gov.np मा गई username मा आफ्नो विद्यालयको iemis code र password मा Nepal@123 राखि पुनः लग ईन गर्ने । Dashboard खुल्छ।
- कक्षा ८ को विद्यार्थी विवरण सच्याउनको लागि student Record अन्तर्गत student information मा click गर्ने । Year 2080 र Class 8 select गरि load मा click गरने । विवरण अनिवार्य रुपमा जन्मदर्ता अनुसार मिल्नुपर्छ। सच्याउनुपर्ने अवस्था छ भनेaction अन्तर्गत edit मा click गरि माघ २४ गते भित्र सच्याउन सकिन्छ। सम्भव भएमा विद्यार्थीको फोटो पनि अपलोड गर्ने । यसो गर्दा प्रवेश पत्रको लागि छुट्टै फोटो माग्नु पर्दैन। अन्य कक्षाको विद्यार्थी विवरण पनि यसै गरी क्रमशः सच्याउनु पर्नेछ।
- सबै विद्यार्थीको विवरण सच्याई सकेपछी manage exam अन्तर्गत application form मा click गरी विषय र विवरण सही भएको एकिन भएमा form प्रिन्ट गर्ने। त्यस पछी admit card मा गई प्रवेश पत्र प्रिन्ट गरी फारम, प्रवेशपत्र, समष्टिगत विवरण, कक्षा ७ उत्तिर्ण प्रमाणपत्रको प्रतिलिपी, जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी र २ प्रति पासपोर्ट साईजको फोटो सहित माघ २९ भित्र अनिवार्य रुपमा शिक्षा शाखामा ल्याउनुपर्नेछ।
- साथै नयाँ IEMIS को dashboard मा देखिने teacher/staff, SMC लगायतको सम्पूर्ण विवरण हालको अभिलेख अनुसार अद्यावधिक गर्ने ।

कृष्ण प्रसाद पन्थी

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद पन्थी

प्रमुख प्रशासकीय अधिकृत